# न्यूयोर्क निवासीहरूलाई कोभिड-19 बारे के-कस्ता कुराहरू जान्न आवश्यक छ

## कोभिड-19 खोपहरू अब 16 वर्ष र सोभन्दा बढी उमेरका सबै न्यूयोर्क निवासीहरूका लागि उपलब्ध छन्।

**कोभिड-19 खोपहरू सुरक्षित र प्रभावकारी छन्।** यी खोपहरू ठूला क्लिनिकल अध्ययनहरूबाट गुज्रिएका थिए जसले खोपहरू मानिसहरूलाई गम्भीर कोभिड-19 बिमारी, अस्पताल भर्ना, र मृत्युबाट जोगाउन निकै प्रभावकारी रहेको देखाउँछ।

**तपाईंलाई कोभिड-19 खोपहरू निःशुल्क प्रदान गरिनेछन्।** बीमा वा आप्रवासन स्थिति आवश्यक पर्दैन।

**खोप लगाउनको लागि साइट फेला पार्नुहोस्।** खोप लगाउने क्षेत्र फेला पार्न nyc.gov/vaccinefinder भिजिट गर्नुहोस् वा 877-829-4692 मा कल गर्नुहोस्।

**तपाईं साइड इफेक्टहरू अनुभव गर्न सक्नुहुनेछ।** सामान्य साइड इफेक्टहरूमा हात दुख्ने, टाउको दुख्ने, शरीर दुख्ने, थकाइ लाग्ने र ज्वरो आउने समस्याहरू पर्दछन्।

**सावधानीहरू अपनाउन जारी राख्नुहोस्।** खोपहरूले तपाईंलाई सुरक्षित राख्छन् तर हामी अझै तिनीहरूले भाइरस फैलाउनमा कतिको असर पार्छन् भन्नेबारे सिक्दै छौं। बिरामी हुँदा घरमै बस्न, अन्य व्यक्तिहरूबाट 6 फिटको दूरी कायम राख्न, सही तरिकाले फेस कभरिङ लगाउन र पटक-पटक आफ्ना हातहरू धुन जारी राख्नुहोस्।

खोप लगाउने क्षेत्र फेला पार्न nyc.gov/vaccinefinder भिजिट गर्नुहोस् वा 877-829-4692 मा कल गर्नुहोस्।

4.26.21

Nepali

NYC VACCINE FOR ALL: SAFE, FREE, EASY

NYC Health